**नेपाली / *NEPALI***

विषय: क्याम्पसको मास्क नीतिमा बदल

*यस सन्देशमा समेटिएको छ:*

- *मास्क लगाउने बारेमा अपडेट*
- *खोपको बारेमा अपडेट*
- *COVID-19 परीक्षण*

संकाय र कर्मचारीहरू,

अमेरिकामा भखरै आएको *COVID-19* को झनै संक्रामक डेल्टा प्रजातिले विस्कन्सिन लगायत देशभरका केसहरू ह्वात्तै बढाएको छ। डेन काउन्टी र क्याम्पसको खोप लगाएकाहरूको दर राज्यको अरू भाग र अमेरिका भन्दा धेरै रहेको छ र यसले गर्दा डेल्टा प्रजातिको असर कम गर्न सहयोग गरेको छ। त्यहीपनि खोप नलगाएका व्यक्तिहरूमा भाइरस छिटो फैलन जारी राखेको छ, जसले केसहरू बढाएको छ।

**तदनुसार, बिहीबार, अगस्ट ५ बाट, सबै विद्यार्थी, कर्मचारी र क्याम्पसमा आउने आगन्तुकहरूलाई क्याम्पस भवनहरू भित्र मास्क लगाउन आवश्यक पर्नेछ।**

- आवास हल: तपाईंको आफ्नै कोठा भित्र जब तपाई र तपाईंका रूममेटहरू हुँदा मात्र मास्क हटाउन सकिन्छ तर सबै सार्वजनिक ठाउँहरुमा लगाउनु पर्दछ
- काम गर्ने ठाउँहरू: यदि तपाई एक कार्यालय वा प्रयोगशाला भित्र ढोका बन्द गरेर एक्लै काम गर्दै हुनुहुन्छ भनेमास्क हटाउन सकिन्छ
- खाना: खाने र पिउने बेलामा मास्क हटाउन सकिन्छ तर सक्किने बित्तिकै फेरि लगाउनु पर्दछ
- बाहिरका ठाउँहरू: मास्कहरू आवश्यक छैनन्, तर इच्छा अनुसार लगाउन सकिन्छ, *Terrace* मा र भवनहरू बाहिरका ठाउँहरूमा
- गाडिहरू: दुई वा बढी मान्छे उपस्थित भएमा *Madison Metro* बसहरू र क्याम्पसका गाडिहरूमा मास्क लगाउनु जारी राख्नु पर्नेछ
- मास्कको बारेमा **कुलपतिको आदेश पढ्नुहोला**

क्याम्पस र समुदाय मा *COVID-19* सङ्क्रमण दरको अनुगमन गर्न हामी जारी राख्नेछौं र जनस्वास्थ्य स्थिति अनुसार हाम्रो मास्क नीतिहरूलाई फेरि अवलोकन गर्नेछौं। ध्यान राख्नुहोस् कि यसले हाम्रो नीतिहरू वा व्यक्तिगत कक्षाहरूको बारेमा योजनाहरूलाई, क्याम्पसमा काममा फर्कने, कार्यक्रमहरू, भौतिक दूरी, आदिलाई असर गर्नेछैन।

फेरि मास्क लगाउने कदम हामी मध्ये धेरैले लिन चाहेको थिएनौं, तर यो कदम हाम्रो क्याम्पस र हाम्रो समुदायका सदस्यहरूको स्वास्थ्यको रक्षा गर्नको लागी महत्त्वपूर्ण छ।

खोप लगाउनु तपाईंको सबै भन्दा राम्रो सुरक्षा उपाय हो। *COVID-19* को लागि खोप लगाएका धेरैजसो व्यक्तिहरूलाई भाइरस लाग्ने छैन, तर कसैकसैले सफल सङ्क्रमणको अनुभव गर्नेछन्। यो *UW-Madison र PHMDC को नयाँ* अनुसन्धानमा झल्कँदछ जसमा देखिएको छ, डेल्टा प्रजातिको शुरूवात पछि, केहि खोप लगाएका व्यक्तिहरूमा खोप

नलगाएका व्यक्तिहरूको जस्तै आफ्नो नाकको प्वालहरूमा भाइरस को समान मात्रा बोक्दछन् ।

खोप लगाएका व्यक्तिहरू रोगको गम्भीर नतिजाबाट उच्च स्तरमा सुरक्षित रहेकै छन र उनीहरूलाई रोग लाग्ने सम्भावना एकदमै कम छ, तर *COVID-19* भएका केही खोप लगाएका व्यक्तिहरूले अरूलाई भाइरस सार्न सक्दछन् । त्यो जोखिम कम गर्न मास्कहरू उल्लेखनीय तरिकाको सजिलो र प्रभावकारी साधन हुन् ।

हामी विशेष गरी आउने दुई महिनाको बारेमा चिन्तित छौं, जब हाम्रा धेरै विद्यार्थीहरू अमेरिका र विश्वभरीबाट क्याम्पस मा आउनेछन् । हामी हाम्रो समुदायमा सकेसम्म कम सङ्क्रमण दर राख्नको लागि जारी राख्न चाहन्छौं । *Centers for Disease Control and Prevention* र *Public Health Madison & Dane County* को भर्खरको मार्गदर्शनको सल्लाह गर्दछन् कि खोप लगाएको स्थितिको बावजूद सबैले आफ्नो घर बाहिर बस्ने मानिसहरूको माझमा घर भित्र समय बिताउँदा मास्क लगाउनुपर्दछ । हाम्रा विद्यार्थीहरू धेरै गन्तव्यहरूबाट आउने भएकाले हामी विश्वास गर्दछौं कि मास्कको आवश्यकता विवेकी कुरा हो । हाम्रो *UW* का जनस्वास्थ्य विशेषज्ञहरू यो निर्णयसँग सहमत हुनुहुन्छ ।

हामी सबैलाई जतिसक्दो चाँडो खोप लगाउन आग्रह गर्दछौं; यो भाइरसको सङ्क्रमणको क्षमतालाई सीमित गर्नको लागि सबै भन्दा प्रभावकारी तरीका हो, जसले हामीलाई छिटो प्रतिबन्धहरूलाई कम गर्न अनुमति दिँदछ ।

**खोपको बारेमा अपडेट**

*University Health Services* ले *333 East Campus Mall* मा सबै विद्यार्थी र कर्मचारीहरूलाई नि:शुल्क *COVID-19* को खोप प्रदान गर्न जारी राखेको छ । खोप लगाउने समय बनाउनुहोस् या सोमबार देखि शुक्रबार बिहान ८:३० बजेदेखि दिउँसो ४:३० बजेसम्म जानुहोस् । यो खोपको स्थल १२ बजे दिउँसो एक घण्टाको लागि बन्द हुन्छ ।

*COVID-19* का खोपहरू सुरक्षित, प्रभावकारी र निःशुल्क छन् । विशेष गरी अन्य जनस्वास्थ्य उपायहरूको संयोजनमा, खोप लगाउनु *COVID-19* को नराम्रो नतिजाबाट बच्नको लागि र अरूलाई भाइरस फैलाउने संभावनालाई सीमित गर्नको लागि सबैभन्दा राम्रो तरीका हो ।

यदि तपाईंले खोप लगाइसक्नु भएको छ, वा चाँडै खोप लगाउने सोच्नु भएको छ भने, *UHS* लाई क्याम्पस जनस्वास्थ्य नीतिहरूलाई सूचित गर्न सहयोग गर्न थाहा दिनुहोस् । (यदि तपाईंलाई *UHS* मा खोप लगाइएको थियो भने, तपाईंले थप केही गर्न आवश्यक छैन ।)

अहिलेसम्म, आफ्नो रेकर्ड साझा गर्नेहारूका कारण हामीले जानेका छौं कि हाम्रा ८०% भन्दा बढी कर्मचारीहरूले खोप लगाएका छन् । आफ्नो खोप रेकर्ड रिपोर्ट नगरेकाहरूलाई रिपोर्ट गर्नका लागि हामी प्रोत्साहित गर्न जारी राख्दछौं । हामीलाई अगस्टमा विद्यार्थी खोप दरको बारेमा राम्रो जानकारी हुनेछ, तर हामी कम्तीमा हाम्रा ८०% विद्यार्थीहरू वा बढीले खोप लगाउनेछन् भन्ने आशा गर्दछौं । आवास हलमा बस्ने हालसालैको सर्वेक्षणमा सङ्केत गरीयो कि यो जनसङ्ख्यामा राम्रोसँग ९०% खोपको दर हुनेछ ।

कृपया तपाईंलाई थाहा भएका व्यक्तिहरूलाई खोप लगाउन प्रोत्साहित गर्नुहोला । यी कुराकानीहरू गर्न सहयोग गर्नका लागि यहाँ केही संसाधनहरू छन् ।

***COVID-19* परीक्षण**

क्याम्पसले धेरै स्थानहररूमा कर्मचारीहरू र विद्यार्थीहरूको लागि नि:शुल्क परीक्षण जारी राखेकै छ। *COVID-19* परीक्षण स्थलहरू र सञ्चालनको घण्टाको नवीनतम जानकारीको लागि *COVID-19* परीक्षणको वेबसाईट हेर्नुहोला।

- अगस्ट ५ मा, हिंडेरै परीक्षण गरे तरिका सक्किनेछ र *Safer Badgers app* अब प्रयोगमा हुनेछैन। अगस्ट ९ को शुरूवातमा, परीक्षणको लागि *MyUHS app* वा *MyUHS* वेबसाईट मार्फत समय बनाउन सकिनेछ। अगस्ट ६ पछि, *COVID-19* लक्षणहरू भएका व्यक्तिहरूले *UHS* मा 608-265-5600 मा फोन गरेर परीक्षण गर्न सक्नेछन्।
- परीक्षण बनाउने समयको सजिलो पहुँच, खोपा र तपाईंको परीक्षण इतिहास र अरू कुराहरूको लागि तपाईंले *myUHS app* डाउनलोड गर्न सक्नुहुन्छ।

कर्मचारीहरूको लागि के अपेक्षा गर्ने बारेमा थप जानकारी को लागि, हामी बिहीबार, अगस्ट १२ मा दिउँसो एक सबै कर्मचारीको टाउन हल आयोजना गर्नेछौं।

साथै अगस्ट १२ दिउँसो १:३० बजे, यस सेमेस्टरमा शिक्षणको बारेमा प्रश्नहरूएलाई छलफल गर्न हामी एक प्रशिक्षक टाउन हलको आयोजना गर्नेछौं।

हामी नजिकबाट सङ्क्रमण दरहरूको बारेमा डाटाको निगरानी, *CDC* को मार्गदर्शन को मूल्याङ्कन, *PHMDC* सँगको सहयोग, र नियमित रूपमा क्याम्पस विशेषज्ञहरूसँगको परामर्श गर्न जारी राख्नेछौं। सधैंको रूपमा, हामी तपाईंलाई अपडेट गर्नेछौं।